# बडीकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खड्यौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल।

पत्र संख्याः २०८३/०८४
च.नं. ७०५

बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खड्यौली, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

मिति २०८३/०६/०१
नेपाल संवत् ११४६

श्री वडा कार्यालयहरु सबै,
बडीकेदार गाउँपालिका, डोटी ।

**विषयः उपभोक्ता समिति गठन गरी सोको जानकारी पठाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक बजेट अन्तर्गत तहाँ वडा कार्यालयलाई विनियोजित पुँजीगत बजेटबाट विनियोजित आयोजनाहरुको कार्यान्वयनका लागि तपसिलका शर्तहरुको अधीनमा रही **२०८२ असोज मसान्तभित्र** उपभोक्ता समिति गठन गरी तोकिएको ढाँचामा विवरण यस कार्यालयलाई उपलब्ध गराउन हुनका साथै सोही अवधिभित्र उक्त आयोजनाहरुको लागत अनुमान समेत तयार गर्न/गराउन हुन अनुरोध गरिन्छ ।

६।५।१
लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत
लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरुः

१. उपभोक्ता समितिमा कम्तिमा ७ जनादेखि बढीमा ११ जनासम्मको हुनुपर्नेछ । पदाधिकारीको कुल संख्याको ३३ प्रतिशत अनिवार्य रुपमा महिला हुनुपर्नेछ । दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि समेतलाई प्राथमिकता दिनुपर्नेछ ।

२. उपभोक्ता समितिमा निर्वाचित जनप्रतिनिधि, शिक्षक, कर्मचारी आदि बाहेकका नागरिकहरु हुनुपर्नेछ ।

३. मुख्य पदाधिकारीहरु (अध्यक्ष, कोषाध्यक्ष र सचिव) मध्ये कम्तिमा १ जना महिला अनिवार्य हुनुपर्नेछ । सम्भव भएसम्म महिलालाई अध्यक्षमा प्राथमिकता दिनुपर्नेछ ।

४. सम्भव भएसम्म मुख्य पदाधिकारीमा लेखपढ गर्न सक्ने (कम्तिमा दश कक्षा पास) भएको व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

५. एकाघर परिवारको एक जना मात्रै समावेश हुने गरी गर्नुपर्नेछ ।

# बडीकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खड्यौली,डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल।

पत्र संख्याः २०८३/०८४
च.नं.

बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खड्यौली, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

६. उपभोक्ता समिति गठनकै समयमा कम्तिमा पाँच जना सदस्य हुने गरी एक आयोजना अनुगमन समिति समेत गठन गर्नुपर्नेछ । उक्त समिति गठन गर्दा उपभोक्ता समितिमा रहेको एकाघरपरिवार बाहेकका व्यक्तिहरु हुनुपर्नेछ ।

विवरण पढाउने ढाँचाः

| सि.नं. | आयोजनाको नाम र ठेगाना | विनियोजित बजेट रु. | पदाधिकारीको विवरण (नाम र ठेगाना) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अध्यक्ष<br>कोषाध्यक्ष<br>सचिव | सम्पर्क नं. | |
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत